आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६२/०६०
२९ असोज २०८२ बुधवार
15 October 2025 Wednesday

# ऊर्जा दक्षता प्रवर्धन गर्ने उद्योगलाई अनुदान वितरण



**काठमाडौं/मस-** दिगो औद्योगिक विकासलाई अघि बढाउने प्रतिबद्धता कायम राख्दै, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुन: प्राप्ति एवं सशक्तीकरण परियोजनाअन्तर्गत सफलतापूर्वक ऊर्जा दक्षताका उपाय लागू गरेका दोस्रो चरणका उद्योगलाई आर्थिक अनुदान वितरण गरेको छ।

मंगलबार आयोजित कार्यक्रममा दोस्रो चरणमा १३ उद्योगलाई ४ करोडभन्दा बढीको अनुदान प्रदान गरिएको थियो। विस्तृत ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका ऊर्जा बचत उपायको सफल कार्यान्वयनपछि यो अनुदान वितरण गरिएको हो। यी उपायबाट वार्षिक १२ लाख ३५ हजार ५ सय ४४ किलोवाट घण्टा ऊर्जा बचत भई वार्षिक ४ करोड ७७ लाख ५८ हजार १६ भन्दा बढी खर्च कटौतीमा योगदान पुऱ्याउँदै नेपालको जलवायु लक्ष्य र दिगो आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने बताइएको छ।

अनुदान पाउने उद्योगहरूमा कृषि प्रशोधन, औषधी र डेरी उद्योगलगायत विभिन्न क्षेत्रका उद्योग छन्। सबैभन्दा ठूलो अनुदान १० मिलियन, प्राप्त गर्ने एजी हेल्थ इन्डस्ट्रिज प्रालिले दुई प्रमुख ऊर्जा दक्षता उपाय लागू गरेको छ, जसमा म्यानुअल प्याकेजिङ मेसिनको प्रतिस्थापन पनि समावेश छ। कम्पनीको आफ्नो ४० मिलियनभन्दा बढीको लगानीबाट वार्षिक १० मिलियनभन्दा बढी बचत हुने अपेक्षा गरिएको छ, जसले ऊर्जा दक्षता नवप्रवर्तनको बलियो व्यावसायिक उदाहरण प्रस्तुत गरेको जनाएको छ।

कार्यक्रममा सीताराम गोकुल मिल्क्स काठमाडौं प्रालिका प्रबन्ध निर्देशक सुमित केडियाले ऊर्जा खर्च कुल सञ्चालन लागतको करिब ३०-३५ प्रतिशत रहेको र यस प्रकारका पहलले उद्योगलाई चेतनाभन्दा वास्तविक क्रियाकलापतर्फ लैजान सहयोग पुऱ्याने बताए। एरो फार्मास्युटिकल्स प्रालिका प्रबन्ध निर्देशक डा. पंकज तिवारीले ऊर्जा अडिट प्रक्रिया प्रकाशमय रहेको, जसले ऊर्जा अधिकतम प्रयोग गर्ने नयाँ तरिका र अन्तर्राष्ट्रिय सुरक्षा तथा मापदण्ड पालना गरिएको उल्लेख गरे। युरोपेली संघ, नेपालका रञ्जन प्रकाश श्रेष्ठले परियोजनाको सहयोगपछि पनि ऊर्जा दक्षतासम्बन्धी प्रयास निरन्तर जारी राख्न प्रेरित गरेको बताए। वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमन खनालले उद्योगहरूलाई राष्ट्रिय प्रयासमा योगदान पुऱ्याएकामा प्रशंसा गर्दै यस किसिमको सहयोगबाट नेपालको ऊर्जा भविष्यमा दीर्घकालीन प्रभाव पार्नेछ भने। परियोजनाका लागि ग्रिन ऊर्जावित्त विशेषज्ञ राजीवमंगल जोशीले यो पहलले नेपालको दिगो औद्योगिक अभ्यासलाई प्रवर्धन गर्न, वातावरणीय मापदण्ड पालना गर्न तथा मर्यादित श्रम अभ्यास प्रोत्साहन गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको उल्लेख गरे।

# पर्याप्त विदेशी मुद्रा सञ्चिति, १६ महिनाको आयात धान्ने

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं २८ असोज



२०७९ वैशाखमा नेपालको विदेशी मुद्रा सञ्चितीले साढे ६ महिनाका लागि मात्र वस्तु तथा सेवा धान्न सक्ने अवस्था थियो। त्यतिबेलामा विदेशी सञ्चिति कम हुँदा नेपाल टाट पल्टिने र श्रीलंका बन्ने त्रास सर्वत्र थियो। उच्च आयात र रेमिटान्स भित्रिन निकै कम हुँदा सरकार विदेशी सञ्चितीको दबाबमा थियो। राष्ट्र बैंकले आयात निरुत्साहन गर्ने नीति नै लागू गर्नुपरेको थियो। बुकटी कमजोर हुँदा अत्यावश्यक वस्तु, औषधी, पेट्रोलियम पदार्थलगायत किन्न तथा विदेशीको ऋण तिर्नसमेत साढे तीन वर्षअघि गाह्रो अवस्थामा थियो। सामान्यतया ६ महिनाभन्दा कमको विदेशी सञ्चिति जोखिमपूर्ण मानिने हुँदा त्यसवेला समयमा अर्थतन्त्रका लागि चुनौतीको समय बनेको थियो। साढे तीन वर्षअघि १२ खर्ब मात्र विदेशी मुद्रा सञ्चितिको अवस्था थियो। तर नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को भदौसम्ममा २८ खर्ब ८१ अर्ब ३५ करोड रुपैयाँ विदेशी मुद्रा सञ्चिति छ। जुन अहिलेसम्मकै उच्च सञ्चिति हो। गत असारमा २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँबराबर रहेको विदेशी विनिमय सञ्चिति थियो। गत असारको तुलनामा ७ दशमलव ६ प्रतिशत विदेशी मुद्रा सञ्चिति अझै बढेको हो। अमेरिकी डलरमा विदेशी सञ्चिति भदौ मसान्तमा ४ दशमलव ७ प्रतिशतले वृद्धि भई २० अर्ब ४१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ भदौ मसान्तमा ६ दशमलव ९ प्रतिशतले वृद्धि भई २५ खर्ब ८२ अर्ब ३८ करोड पुगेको छ। यस्तै बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा २ खर्ब ६३ अर्ब ४ करोड रहेकोमा २०८२ भदौ मसान्तमा १३ दशमलव ७ प्रतिशतले वृद्धि भई २ खर्ब ९८ अर्ब ९७ करोड पुगेको हो। भदौ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव ५ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८२/८३ को दोस्रो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १९ दशमलव ७ महिनाको वस्तु आयात र १६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ। यस्तै, २०७९ मा चालु खाता उच्च घाटामा थियो। २०७९ वैशाखसम्म नेपालको चालु खाता ५ खर्ब ४७ अर्ब ३६ करोड रुपैयाँले घाटामा रहेको थियो तर अहिले आएर चालु खाता १ खर्ब ३० अर्ब ६९ करोड र शोधनान्तर स्थिति १ खर्ब ५३ अर्ब ६८ करोड रुपैयाँले बचतमा रहेको छ। भदौसम्म निर्यात ८८ दशमलव ६ प्रतिशतले र आयात १६ दशमलव २ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ।

## कर्पोरेट समाचार

# वीरगन्जमा दिपलको टेस्ट ड्राइभ र एक्सचेन्ज मेला हुँदै




**काठमाडौं/मस-** दिपलको आधिकारिक विक्रेता एमएडब्लु वृद्धिले वीरगन्जमा टेस्ट ड्राइभ र एक्सचेन्ज कार्यक्रम आयोजना गर्ने भएको छ। दिपलको नयाँ स्टेट अफ आर्ट सोरुम शुभारम्भको अवसरमा सो मेला आयोजना गर्ने भएको हो। मेला असोज ३० गतेदेखि आगामी कात्तिक २ गतेसम्म चल्ने जनाइएको छ।

सो अवसरमा ग्राहकले दिपल र अवतारका लक्जरियस इभीको अनुभव लिनुका साथै पुराना सवारीसाधन सटापटा गर्न सक्नेछन्। कार्यक्रमको मुख्य आकर्षण आइएफ डिजाइन अवार्ड विजेता दिपल एस-०५ रहने जनाइएको छ। मेलामा दिपल एस-०७ आइसिएस, दिपल इ-०७, दिपल एल-०७ तथा अल्ट्रा प्रिमियम इन्टेलिजेन्ट एसयुभी अवतार ११ पनि प्रदर्शनमा राखिनेछ। साथै, कार्यक्रममा सहभागीले अत्याधुनिक इभीको अनुभवसँगै मानवाकृत रोबोट र कुकुर रोबोटसँग अन्तर्क्रिया गर्ने अवसर पाउने जनाइएको छ।

कम्पनीका अनुसार मेलामा ग्राहकले सर्वोत्कृष्ट एक्सचेन्ज भ्यालु र बोनस, नगद छुट, निशुल्क रोड ट्याक्स र इन्स्योरेन्स, नि:शुल्क वाल तथा ट्राभल चार्जर र एसेसोरिजसमेत प्राप्त गर्न सक्नेछन्।

**Balephi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Balephi, Sindhupalchok**

**Invitation for Bids**

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit necessary experience document as for bid Document.
4. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S. N | Contract ID No. / Description | Bid Security Amount (NRs) | Bid Fee | Estimated Amount Withoout VAT and ps | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS 05/2082-083 (Construction of Lamosagu Topka Paharigaun road ) | 5,00,000 | 3,000 | 1,69,84,392. 53 | 12:00 Hrs. on 16th November 2025 | 13:00 Hrs. on 16th November 2025 |

**Chief Administrative Officer**